# आमागासाकी सहरको घरेलु फोहोरको उपयोगी पुस्तिका

यो हरेक वर्ष प्रकाशन गरिने पुस्तिका होइन। जतन गरेर सुरक्षित राख्नुहोस्।

(आर्थिक वर्ष रेइवा 4 साल (2022 साल) संशोधित संस्करण)

**सधैंको लागि सुरक्षित राख्नुपर्ने संस्करण**

*19 र 20 पृष्ठमा हेरेर सङ्कलन गरिने दिन (बार) निश्चय गरी ○ भएको ठाउँमा लेख्नुहोस्।

**जलाउने फोहोर** हरेक हप्ता ○ · ○ बार

**सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल** हरेक हप्ता ○ बार

**कागज र लुगाहरू** हरेक हप्ता ○ बार

**धातुले बनेका साना फोहोरहरू खतरनाक वस्तुहरू** हरेक महिना ○ पटकको ○ बार

फोहोरलाई तोकिएको सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।


घरेलु फोहोर निकाल्ने तरिका सम्बन्धी नियमहरू 3
घरेलु फोहोर छुट्याउने र निकाल्ने तरिका 4 र 5
जलाउने फोहोर 6
सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल 7
कागज र लुगाहरू 8 र 9
धातुले बनेका साना फोहोरहरू र खतरनाक वस्तुहरू 10 र 11
ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका 12
ठूलो आकारको फोहोर तथा विशेष अवस्थामा निस्कने फोहोरको प्रक्रिया 13
छुट्याउन गाह्रो हुने फोहोरहरूको प्रकार अनुसार वर्गीकरण तालिका
फोहोर प्रशोधन टिकट र विशेष अवस्थामा निस्कने फोहोर प्रशोधन टिकट 14
आफैले फोहोर लिएर जानेबारे 15
सहरले सङ्कलन नगर्ने फोहोरहरू सम्पर्क स्थान 16~18
प्रत्येक क्षेत्रको फोहोर सङ्कलन गरिने दिन (बार) 19 र 20


स्मार्टफोनको लागि फोहोर वर्गीकरण एप्लिकेसन "सानआरु (さんあ～る)" उपलब्ध छ!

हामीले सङ्कलन गरिने दिन (बार) र निकाल्ने तरिका, ध्यान दिनुपर्ने कुराहरू जस्ता फोहोर निकाल्ने कुराहरू सम्बन्धी जानकारी उपलब्ध गराइरहेका छौं। तपाईंको स्मार्टफोनको भाषा सेटिङ अनुसार सजिलो जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी र नेपाली भाषामा पनि हेर्न सकिन्छ।

डाउनलोड गर्नको लागि यहाँ

Android — ANDROID APP ON Google play

iPhone — Download on the App Store

- ठूलो आकारको फोहोर, विशेष अवस्थामा निस्कने फोहोरको लागि आवेदन
- मरेको जनावर (कुकुर, बिरालो जस्ता साना जनावरहरू) को सङ्कलनको लागि आवेदन
- प्रकार अनुसार वर्गीकरण, सङ्कलन गरिने दिन जस्ता घरेलु फोहोरबारे सोधपुछ

आवेदन तथा सोधपुछको लागि

घरेलु फोहोर जानकारी केन्द्रमा सम्पर्क गर्नुहोस्।

TEL 06-6374-9999
FAX 06-6409-1193

*जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।

खुला समय [सोमबार ~ शुक्रबार] 8:00 AM~4:45 PM [शनिबार र सार्वजनिक बिदाको दिन] 9:00 AM~4:45 PM
*वर्षको अन्त्य र सुरुको अवधि बाहेक।

आमागासाकी सहर ठूलो आकारको फोहोर तथा विशेष अवस्थामा निस्कने फोहोरको लागि अनलाइन मार्फत आवेदन

सहरको होमपेज एड्रेस https://www.city.amagasaki.hyogo.jp/

*नवीनतम जानकारीको लागि होमपेज हेर्नुहोस्।


सम्पादन तथा प्रकाशन रेइवा 7 साल (2025 साल) अगस्ट आमागासाकी सहर

# आमागासाकी सहरमा बसोबास गर्नुहुने सबैको लागि

▪ जापानमा फोहोरले वातावरणमा खराब असर नपार्ने गरी फोहोर नष्ट र स्रोतको रूपमा पुनः प्रयोग गर्नको लागि फोहोरको प्रकार अनुसार छुट्याएर तोकिएको दिन (बार) निकाल्ने नियम छ।

▪ सहर अनुसार फोहोर फाल्ने नियमहरू फरक हुन्छन्। आमागासाकी सहरमा बसोबास गर्नुहुने व्यक्तिहरूले आमागासाकी सहरको नियमहरूको पालना गर्नुहोस्।

▪ नियमहरूको पालना नगरीकन फालिएको फोहोर सङ्कलन गरिनेछैन र त्यसलाई कागहरूले छरपस्ट पार्ने आदि गरी सहर फोहोर हुन्छ। स्वच्छ सहर निर्माणको लागि नियमहरूको पालना गरी सहयोग गर्नुहोस्।

▪ नियम उल्लङ्घनको प्रकृति अनुसार कानुन वा अध्यादेश बमोजिम दण्ड हुने अवस्थाहरू पनि हुन सक्छ।

①फोहोरलाई प्रकार अनुसार वर्गीकरण गरी तोकिएको दिन (बार), तोकिएको विधि अनुसार तोकिएको ठाउँमा निकाल्नुहोस्।

(नियमहरूको पालना नगरिएको खण्डमा फोहोर सङ्कलन गरिनेछैन अथवा अध्यादेश उल्लङ्घनको कारण 2000 येन वा सोभन्दा कमको दण्ड हुने अवस्थाहरू पनि हुन सक्छ।)

②अरूले फाल्ने ठाउँमा राखेको फोहोर लिएर नजानुहोस्।

(विशेष गरी अनुमति बिना कागजहरू, क्यान, साना घरायसी विद्युतीय उपकरण र धातुले बनेका साना फोहोरहरू लिएर जाने कार्य गरेमा 2 लाख येन वा सोभन्दा कमको दण्ड हुने अवस्थाहरू पनि हुन सक्छ।)


# घरेलु फोहोर निकाल्ने तरिका सम्बन्धी नियमहरू

## घरेलु फोहोर निकाल्ने तरिका सम्बन्धी आधारभूत कुराहरू




○प्रकार अनुसार वर्गीकरण गरी तोकिएको सङ्कलन गरिने दिन (बार) निकाल्नुहोस्।

| | |
|---|---|
| जलाउने फोहोर | हप्तामा 2 पटक |
| सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल | हप्तामा 1 पटक |
| कागज र लुगाहरू | हप्तामा 1 पटक |
| धातुले बनेका साना फोहोरहरू र खतरनाक वस्तुहरू | महिनामा 1 पटक |



○फोहोरलाई तोकिएको सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

○आमागासाकी सहरले तोकेको झोला* प्रयोग गरी एक हातले बोक्न सक्ने साइज र तौल बनाई, झोलाको मुख पूर्ण रूपमा बाँधेर निकाल्नुहोस्।

○नियम पालना नगरिएको फोहोर सङ्कलन गरिनेछैन।

○घर सर्ने, सरसफाइ आदि गर्दा एकैसाथ ठूलो परिमाणको फोहोर निकाल्ने अवस्थामा, विशेष अवस्थामा निस्कने फोहोर (श:शुल्क फोहोर। विस्तृत जानकारीको लागि पृष्ठ 13 हेर्नुहोस्।) को प्रयोग गर्नुहोस्।

○सहरले पसल, कार्यालय, व्यवसाय, कन्ट्र्याक्टर आदिको व्यावसायिक गतिविधिहरूबाट निस्कने फोहोरहरू सङ्कलन गर्नेछैन।

व्यवसायीहरू आफैले जिम्मेवारी लिई उचित रूपमा फोहोरको प्रशोधन गर्नुहोस्।

## *आमागासाकी सहरले तोकेको झोलाको बारेमा

"जलाउने फोहोर", "सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल", "लुगाहरू", "धातुले बनेका साना फोहोरहरू मध्येका खतरनाक वस्तुहरू"लाई अनिवार्य रूपमा हरियो रङ्गको "आमागासाकी सहरले तोकेको झोला" मा हालेर निकाल्नुहोस्। "आमागासाकी सहरले तोकेको झोला" प्रयोग नगरेको खण्डमा सहरले सङ्कलन गर्नेछैन।

साइज

ठूलो झोला (45 लिटर), मध्यम झोला (30 लिटर) र सानो झोला (10 लिटर) गरी 3 प्रकारका झोलाहरू छन्।



बिक्री पसल

सुपरमार्केट, कन्भिनियन्स स्टोर, होम सेन्टर तथा फार्मेसी जस्ता खुद्रा पसलहरूमा बिक्री गरिन्छ।

# घरेलु फोहोर छुट्याउने र निकाल्ने तरिका

| सङ्कलन | वर्गीकरण | निकाल्ने तरिका | घरेलु फोहोर छुट्याउने तरिका |
|---|---|---|---|
| हप्तामा 2 पटक | जलाउने फोहोर |  आमागासाकी सहरले तोकेको झोलामा हाल्नुहोस्। | (तल हेर्नुहोस्: जलाउने फोहोर) |
| हप्तामा 1 पटक | सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल |  आमागासाकी सहरले तोकेको झोलामा हाल्नुहोस्। | (तल हेर्नुहोस्: सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल) |

## जलाउने फोहोर (हप्तामा 2 पटक)

विस्तृत जानकारीको लागि पृष्ठ 6 हेर्नुहोस्।

*काँचो फोहोर बाहेकका अन्य फोहोरलाई एकैसाथ ठूलो परिमाणमा ननिकाल्नुहोस्। अलिअलि गर्दै छुट्याएर निकाल्नुहोस्। (लगभग तोकिएको ठूलो झोला 2 वटासम्म)

काँचो फोहोर



स्रोतको रूपमा पुनः प्रयोग गर्न नसकिने कागज र कपडाका टुक्राहरू



रबरहरू



छालाहरू




प्लास्टिकहरू



बोतल, कप र प्याकहरू



प्लास्टिकका झोला र र्‍यापहरू



स्टाइरोफोम



प्लास्टिकको सामान

माटोका भाँडाहरू



अन्य



20 cm भन्दा कमका धातु भएका वस्तुहरू (पेय पदार्थ र खाद्य पदार्थका क्यानहरू बाहेक)

लिथियम आयन ब्याट्री जस्ता रिचार्ज गर्न मिल्ने सानो ब्याट्रीहरूलाई "जलाउने फोहोर" मा ननिकाल्नुहोस्!



## सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल (हप्तामा 1 पटक)

विस्तृत जानकारीको लागि पृष्ठ 7 हेर्नुहोस्।

खाली सिसाको बोतल (पेय पदार्थ, मदिरा, स्वादवर्धक पदार्थहरू, खाद्य पदार्थ प्रयोजन)



खाली क्यान (पेय पदार्थ, मदिरा, स्वादवर्धक पदार्थहरू र खाद्य पदार्थ प्रयोजन)



प्लास्टिकको बोतल (पेय पदार्थ, मदिरा, मिरिन, सोया सस प्रयोजन)

*यसको दायरामा प्लास्टिकको बोतलको मार्क भएका बोतलहरू पर्छन्।







कीटनाशकको सिसा, पेन्ट आदिको सिसा,



स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर, पेन्ट क्यान, ओइल क्यान, 20 cm भन्दा बढीको खाद्य पदार्थको क्यान

**धातुले बनेका साना फोहोरहरू (खतरनाक वस्तुहरू) को रूपमा निकाल्नुहोस्।**



सस, खाद्य प्रयोजनको तेल, डिटर्जेन्ट आदि प्लास्टिक मार्क भएको बोतल

→ "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।

## आवेदन आवश्यक कुराहरू (शःशुल्क)

### ठूलो आकारको फोहोर

विस्तृत जानकारीको लागि पृष्ठ 12 र 13 हेर्नुहोस्।

शःशुल्क (प्रति वस्तु 300 येन ~ 1,800 येन)

- 50 cm भन्दा बढी साइजको वस्तुहरू
- "ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका" मा लेखिएका वस्तुहरू

(उदाहरण) ड्रयर, साइकल, फुतोन आदि





### विशेष अवस्थामा निस्कने फोहोर

विस्तृत जानकारीको लागि पृष्ठ 13 हेर्नुहोस्।

शःशुल्क (एक छेउ 1.8 m भएको क्यूब (घनाकार) बराबरको शुल्क 5,400 येन)

- एकैसाथ ठूलो परिमाणमा निस्कने फोहोर वा घर सर्दा निस्कने फोहोर

### क्लिन सेन्टरमा आफैले फोहोर लिएर जाने

शःशुल्क (घरेलु प्रकारको फोहोर: प्रति 10 kg को 103 येन)



- अघिल्लो दिनसम्ममा रिजर्भ गर्नु पर्नेछ।

विस्तृत जानकारीको लागि पृष्ठ 15 हेर्नुहोस्।

[सावधान]

○फोहोरलाई तोकिएको सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

**○नियम पालना नगरिएको फोहोर सङ्कलन गरिनेछैन।**

| सङ्कलन | वर्गीकरण | निकाल्ने तरिका | घरेलु फोहोर छुट्याउने तरिका |
|---|---|---|---|
| हप्तामा 1 पटक | कागजहरू | प्रकार अनुसार डोरीले बाँध्नुहोस्। | विस्तृत जानकारीको लागि पृष्ठ 8 हेर्नुहोस्।<br>पत्रिका / कार्डबोर्ड / अन्य कागजहरू (म्यागजिन, कागजको बक्स, र्‍यापिङ पेपर आदि)<br><br>**हामीले वर्षा भएको बेला पनि सङ्कलन गरिरहेका छौं।**<br>रिसाइकल गर्न नसकिने कागज निकाल्न सकिँदैन!<br>कागजको कप, चाँदीको जलपयुक्त कागज, फोटो, थर्मल पेपर आदि<br><br>→ "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्। |
| | लुगाहरू | तोकिएको झोला | विस्तृत जानकारीको लागि पृष्ठ 9 हेर्नुहोस्।<br>लुगाहरू (लगाउन सकिने अवस्थाका लुगाहरू)<br><br>**वर्षा भएको बेला ननिकाली, त्यसपछिका दिनहरूमा निकाल्नुहोस्।**<br>कुसन आदि भरिएको खेलौना, टावल, कपडाको टुक्रा आदि → "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।<br>फुतोन, गलैंचा → "ठूलो आकारको फोहोर" को रूपमा निकाल्नुहोस्।<br> |
| महिनामा 1 पटक | धातुले बनेका साना फोहोरहरू | कागजमा "साना फोहोरहरू" भनेर लेखेको नोट टाँस्नुहोस्। | विस्तृत जानकारीको लागि पृष्ठ 10 हेर्नुहोस्।<br>*नोट नटाँसिएको खण्डमा सङ्कलन गरिनेछैन।<br>**20 cm~50 cm साइजका वस्तुहरू**<br>घरायसी विद्युतीय उपकरणहरू / धातुले बनेका घरेलु प्रयोजनका सामानहरू / क्यानहरू<br><br><br>छाता<br><br><br>(बीच पारासोललाई "ठूलो आकारको फोहोर" को रूपमा निकाल्नुहोस्।) |
| | खतरनाक वस्तुहरू | तोकिएको झोला | विस्तृत जानकारीको लागि पृष्ठ 11 हेर्नुहोस्।<br>धारिला वस्तुहरू / सिसाहरू / पेन्ट क्यान, ओइल क्यान<br>*अरू फोहोरहरूबाट छुट्याएर तोकिएको झोलामा हाल्नुहोस्।<br>स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर<br><br> |

## सहरले सङ्कलन नगर्ने वस्तुहरू

विस्तृत जानकारीको लागि पृष्ठ 16~18 हेर्नुहोस्।

घरायसी विद्युतीय उपकरण रिसाइकल ऐनको दायरामा पर्ने वस्तुहरू (एयर कन्डिसनर, टिभी, फ्रिज, वासिङ मेसिन), कम्प्युटर, मोटरसाइकल आदि सहरले सङ्कलन गर्नेछैन। क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।

# आवेदन आवश्यक कुराहरू

## मरेको जनावर (कुकुर, बिरालो जस्ता साना जनावरहरू) को सङ्कलन

सडक कुकुर, सडक बिरालो आदि　नि:शुल्क

घरपालुवा कुकुर, घरपालुवा बिरालो आदि　एउटाको 2,700 येन

・घरेलु फोहोर जानकारी केन्द्र (फोन 06-6374-9999　/ FAX 06-6409-1193　जापानी भाषामा मात्र उपलब्ध छ।) मा आवेदन दर्ता गरिन्छ।

# जलाउने फोहोर

## नियमित सङ्कलन <हप्तामा 2 पटक>

### निकाल्ने तरिका




आमागासाकी सहरले तोकेको झोलामा हालेर सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

[अनुरोध]
काँचो फोहोर बाहेकका अन्य फोहोरलाई एकैसाथ ठूलो परिमाणमा ननिकाल्नुहोस्।
अलिअलि गर्दै छुट्याएर निकाल्नुहोस्। (लगभग तोकिएको ठूलो झोला 2 वटासम्म)

### ○ निकाल्न सकिने कुराहरू


**काँचो फोहोर**



○राम्रोसँग पानी निचर्नुहोस्।
○काँटी जस्ता चुच्चो परेका वस्तुहरूको चुच्चोलाई भाँचेर कागज आदिले बेर्नुहोस्।
(धातुको काँटीलाई "धातुले बनेका साना फोहोरहरू (खतरनाक वस्तुहरू)" को रूपमा निकाल्नुहोस्।)
○खाद्य प्रयोजनको तेल जस्ता तरल पदार्थलाई अनिवार्य रूपमा कपडा आदिमा सोसाएपछि निकाल्नुहोस्।

**स्रोतको रूपमा पुनः प्रयोग गर्न नसकिने कागज र कपडाका टुक्राहरू**

*"कागज र लुगाहरू" को दिन निकाल्न नसकिने कुराहरूमा मात्र सीमित छ।



○कागजको डायपर आदिमा रहेको फोहोर वस्तुलाई शौचालयमा बगाएपछि निकाल्नुहोस्।
○दानाहरू हालिएका कुशनलाई अरू फोहोरहरूसँग नमीसाई, अलगै झोलामा हालेर निकाल्नुहोस्।

**प्लास्टिकहरू**



○50 cm वा सोभन्दा कम साइजका सामानहरू "जलाउने फोहोर" मा निकाल्न सकिन्छ।

**छालाहरू, रबरहरू र माटोका भाँडाहरू**



**अन्य**

20 cm भन्दा कमका धातु भएका वस्तुहरू (पेय पदार्थ र खाद्य पदार्थका क्यानहरू बाहेक) लाई "जलाउने फोहोर"



उदोन नुडल्स पकाउने एल्युमिनियमको भाँडो



ड्राइ सेल ब्याट्री

### ✕ निकाल्न नसकिने कुराहरू

**50 cm भन्दा बढी साइजको प्लास्टिकको सामान आदि**

यी "ठूलो आकारको फोहोर" मा पर्छन्।

विस्तृत जानकारीको लागि पृष्ठ 13 हेर्नुहोस्।

**रिचार्ज गर्न मिल्ने सानो ब्याट्री (ई-सिगरेट, मोबाइल ब्याट्री आदि)**

आगलागी दुर्घटना निम्त्याउने खतरा हुनाले नियमित सङ्कलनमा

विस्तृत जानकारीको लागि पृष्ठ 10 हेर्नुहोस्।

**ग्याँस बाँकी भएको लाइटर**

आगलागी दुर्घटना निम्त्याउने खतरा हुनाले पूर्ण रूपमा ग्याँस प्रयोग गरेपछि "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।

### पसलमा सङ्कलन गरिने वस्तुहरू

**खाद्य पदार्थको ट्रे**

सुपरमार्केट आदिका सङ्कलन बक्समा हाल्नुहोस्।

## कागहरूबाट हुने क्षति प्रति सावधान!



कागहरू आदिले फोहोर छरेर हुने क्षतिलाई अग्रिम रूपमा रोक्नको लागि निम्न कुराहरू गरी सहयोग गर्नुहोस्।

○कागहरूको "आहार" बन्ने "काँचो फोहोरहरू" घटाउने उपायहरू अपनाउनुहोस्।
○फोहोर निकाल्ने दिन (बार) र समयको पालना गर्नुहोस्।
○चराबाट जोगाउने जालीको प्रयोग गरी फोहोरको झोला जालीबाट बाहिर ननिस्कने गरी राख्नुहोस्।

चराबाट जोगाउने जालीले छोप्ने प्रभावकारी तरिका
गह्रौं वस्तु प्रयोग गरी चेप नहुने गरी छोप्नुहोस्।





# सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल

## नियमित सङ्कलन
<हप्तामा 1 पटक>

### निकाल्ने तरिका




तीनै वटा प्रकारहरूलाई जम्मा गरी एउटा आमागासाकी सहरले तोकेको झोलामा हालेर सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

[अनुरोध]
हटाउन सकिने लेबल र क्यापहरू हटाई, "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।

### ✕ निकाल्न नसकिने कुराहरू

सिसा (बोतल बाहेक), फुटेको सिसाको बोतल, बल्ब, गहिरो खाना पकाउने भाँडो, फ्राइ प्यान, स्टेनलेस बोतल, स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर



"धातुले बनेका साना फोहोरहरू र खतरनाक वस्तुहरू" को रूपमा निकाल्नुहोस्।


विस्तृत जानकारीको लागि पृष्ठ 10 र 11 हेर्नुहोस्।


### ○ निकाल्न सकिने कुराहरू

यसको दायरामा पेय पदार्थ र खाद्य पदार्थ प्रयोजन आदिका सिसाको बोतल, क्यान, प्लास्टिकको बोतलहरू पर्दछन्।

**सिसाको बोतल**

बिक्री पसलले सङ्कलन गर्ने फिर्ता गर्न सकिने सिसाको बोतलहरूलाई बिक्री पसलमा फिर्ता गर्नुहोस्।



**क्यान**


लगभग 20 cm जति साइजसम्म
यो भन्दा ठूलो साइजको हुने खण्डमा "धातुले बनेका साना फोहोरहरू" को रूपमा निकाल्नुहोस्।




**प्लास्टिकको बोतल**

PET

यसको दायरामा बायाँ रहेको मार्क भएका बोतलहरू पर्दछन्।
यो मार्क भएका बाहेकका अन्य प्लास्टिकका बोतलहरूलाई "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।




### "सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल" निकाल्ने बेलामा ध्यान दिनुपर्ने कुराहरू

**○अन्य वस्तुहरूलाई अनिवार्य रूपमा हटाउनुहोस्।**

"सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल" हरूलाई कामदारहरूले हातैले सङ्कलन गर्ने र छुट्याउने गर्छन्।
"सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल" भित्र धारिलो वस्तु, फुटेको सिसाको बोतल, सिसाको टुक्राहरू, इन्जेक्सनको सुई जस्ता अन्य वस्तुहरू भएमा, हातले छुट्याउने काम गर्दा अत्यन्तै खतरा हुन्छ।

**यस भित्र कदापि केही पनि नहानुहोस्।**




**○भित्रको भागलाई पानीले पखालेपछि निकाल्नुहोस्।**

पेय पदार्थ आदि बाँकी भएको अवस्थामा ननिकाल्नुहोस्।

**○प्लास्टिकको बोतलको लेबल र क्यापहरूलाई "जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।**

प्लास्टिकको बोतलको बडी र लेबल तथा क्याप (बिर्को) हरू फरक-फरक सामग्रीबाट बनेका हुन्छन्। सँगै ननिकाल्नुहोस्।

#### प्लास्टिकको बोतल निकाल्ने तरिका




लेबल र क्याप हटाउनुहोस्।
(हटाइएका लेबल र क्यापहरूलाई "जलाउने फोहोर")



भित्री भागलाई पानीले पखालेर त्यसमा भएका अन्य वस्तुहरूलाई हटाउनुहोस्।




तोकिएको झोला हाल्नुहोस्।

# कागज र लुगाहरू

## नियमित सङ्कलन <हप्तामा 1 पटक>

## कागजहरू

वर्षा भएको बेला पनि सङ्कलन गरिनेछ।

### निकाल्ने तरिका

तोकिएका झोलाहरू बाहेक



"पत्रिका", "कार्डबोर्ड" र "अन्य कागजहरू" गरी 3 वटा वर्गहरूमा छुट्याई, प्रकार अनुसार क्रस गरेर बाँधी, सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।


"कार्डबोर्ड" निकाल्ने तरिका

कार्डबोर्ड भित्र पत्रिका, विविध कागजहरू हाल्ने, फोल्ड गरेको कार्डबोर्ड हालेर भर्ने गर्‍यो भने सङ्कलन कार्यमा बाधा पुग्छ। अनिवार्य रूपमा कार्डबोर्डलाई मात्र फोल्ड गरेर निकाली सहयोग गर्नुहोस्।

"अन्य कागजहरू" निकाल्ने तरिका

साना कागजहरूलाई पनि स्रोतको रूपमा पुनः प्रयोग गर्ने वस्तुको रूपमा सङ्कलन गरिन्छ। "जलाउने फोहोर" मा नहालीकन, अनिवार्य रूपमा स्रोतको रूपमा पुनः प्रयोग गर्ने कागजको रूपमा निकाल्नुहोस्।

○कागजको झोलामा हालेर डोरीले बाँध्नुहोस्।



○साना कागजहरूलाई म्यागजिनहरूको बीचमा राखेर बाँध्नुहोस् वा
जम्मा गरी खाम आदिमा हालेर बाँध्नुहोस्।



### ○ निकाल्न सकिने कुराहरू

पत्रिका
(यसमा पत्रिका आदिको बीचमा हालिने पर्चाहरू पनि पर्छन्।)



कार्डबोर्ड




अन्य कागजहरू



○म्यागजिन र पम्प्लेट



○कागजको बक्स, टिस्युको बक्स
*प्लास्टिकको भाग हटाउनुहोस्।



○कार्डबोर्ड ट्युब



*प्लास्टिकको भाग हटाउनुहोस्।



○कपी गर्ने कागज र मेमो गर्ने कागज



○लुगाहरू आदिको कागजले बनेको ट्यागहरू



○खाम, पोस्टकार्ड, डाइरेक्ट मेल
*प्लास्टिकको भाग हटाउनुहोस्।



*नछरीने गरी भित्र भएका कुराहरू देखिने झोलामा हाल्नुहोस्।

○काटेर टुक्राटुक्रा पारिएका कागजहरू
(यसमा पुनः प्रयोग गर्न सकिने कागजहरू मात्र पर्छन्।)


### सङ्कलन बक्स आदि भएका वस्तुहरू

कागजको प्याक

दूध, जुस जस्ता कागजका प्याकहरू (बायाँ भएको मार्क भएका प्याकहरू) लाई
सार्वजनिक सुविधाहरू वा सुपरमार्केट आदिको सङ्कलन बक्समा हाल्नुहोस्।

<निकाल्ने बेला>

भित्री भाग पखाल्नुहोस् → खोल्नुहोस् → सुकाउनुहोस्



### ✕ सङ्कलन बक्स आदि भएका वस्तुहरू

रिसाइकल गर्न नसकिने स्रोतको रूपमा पुनः प्रयोग गर्ने कागजहरू जस्ता
तलका वस्तुहरूलाई "**जलाउने फोहोर**" को रूपमा निकाल्नुहोस्।

- ○पोस्टर जस्ता प्लास्टिक कोटिङ गरिएका कागजहरू
- ○डुप्लिकेट बिलहरू जस्ता कार्बन कागजहरू
- ○रसिद जस्ता थर्मल पेपर
- ○आइरन प्रिन्ट कागज
- ○म्यागजिनमा भएको CD र DVD
  (म्यागजिनहरूलाई "कागज र लुगाहरू" को रूपमा निकाल्नुहोस्।)
- ○खाद्य पदार्थको फोहोर र गन्ध लागेको कागजहरू
  (साबुन र डिटर्जेन्टको बक्स, डेलिभरी पिज्जाको बक्स आदि)
- ○कागजको प्लेट र कागजको कप
- ○प्रेसर-सिल गरिएको पोस्टकार्ड
- ○फोटो



## लुगाहरू

वर्षा भएको बेला सङ्कलन गरिनेछैन।

### निकाल्ने तरिका




आमागासाकी सहरले तोकेको झोलामा हाली, झोलाको मुख पूर्ण रूपमा बाँधेर सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

### ○ निकाल्न सकिने कुराहरू

लुगाहरू
*लगाउन सकिने अवस्थाका लुगाहरू



जम्मा गरिएका लुगाहरू विदेशमा पुनः प्रयोग (रियुज) गरिन्छन्। भिज्यो भने पुनः प्रयोग गर्न नसकिने हुनाले वर्षा भएको बेला ननिकाली, त्यसपछिका दिनहरूमा निकाल्नुहोस्। साथै भिजेको अवस्थाका कपडाहरू पनि ननिकाल्नुहोस्।

### ✕ निकाल्न नसकिने कुराहरू

कुसन आदि भरिएको खेलौना,
टावल,
कपडाको टुक्रा,
कम्बल आदि




च्यातिएको, फोहोर भएको



"जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।

फुतोन, गलैंचा

"ठूलो आकारको फोहोर" को रूपमा निकाल्नुहोस्।



विस्तृत जानकारीको लागि
पृष्ठ 12 र 13 हेर्नुहोस्।

## सावधान!

फोहोर राख्ने ठाउँ आदिबाट अनुमति बिना

**तल लेखिएका फोहोरहरू लिएर जान निषेध गरिएको छ।**



क्यानहरू



कागजहरू



धातुले बनेका फोहोरहरू



साना घरायसी विद्युतीय उपकरण

उल्लङ्घन गरेमा **2 लाख येन वा सोभन्दा कमको दण्ड** हुन सक्छ।

प्रकार अनुसार वर्गीकरण नगरीकन फोहोर फाल्ने व्यक्तिहरूलाई

**सहरले निर्देशन, आदेश आदि दिने अवस्थाहरू हुन सक्छन्।**

**घरेलु फोहोरको प्रकार अनुसार वर्गीकरण**

| जलाउने फोहोर | सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल | कागज र लुगाहरू | धातुले बनेका साना फोहोरहरू र खतरनाक वस्तुहरू |
|---|---|---|---|
|  |  |  |  |



आदेशको उल्लङ्घन गरेमा **2000 येन वा सोभन्दा कमको दण्ड** हुन सक्छ।

# धातुले बनेका साना फोहोरहरू

नियमित सङ्कलन
<महिनामा 1 पटक>

## निकाल्ने तरिका




झोलामा नहालीकन "साना फोहोरहरू" (こがたごみ)भनेर लेखेको मेमो टाँसेर
सङ्कलन गरिने दिन (बार) बिहान 8 बजेसम्ममा निकाल्नुहोस्।

*नोट नटाँसिएको खण्डमा सङ्कलन गरिनेछैन।

## ○ निकाल्न सकिने कुराहरू

यसमा 20 cm देखि 50 cm सम्मको साइज भई मुख्यतया धातुबाट बनेका वस्तुहरू पर्छन्।

[वस्तुको उदाहरण]







घरायसी विद्युतीय उपकरणहरू
आइरन, टोस्टर, विद्युतीय राइस कुकर, फुतोन सुकाउने मेसिन, पानी तताउने पट, हट प्लेट आदि







धातुले बनेका घरेलु प्रयोजनका सामानहरू
ग्याँस स्टोभ (एउटा बर्नर भएको स्टोभ), पोर्टेबल ग्याँस स्टोभ, ग्रिल, गहिरो खाना पकाउने भाँडो, फ्राइ प्यान, केटल आदि




क्यानहरू
कुकिज क्यान, ओकाकी (राइस क्र्याकर) को क्यान आदि




अन्य
- छाता (*बीच पारासोललाई "ठूलो आकारको फोहोर" मा)
- कङ्क्रिट ब्लक र ईँटा (*1 पटकमा 3 वटासम्म)

### धातुका सामानहरू आदिको साइज अनुसार फोहोरको प्रकार फरक हुन्छ।

| 20 cm भन्दा कम | 20～50 cm | 50 cm भन्दा ठूला वस्तुहरू |
|---|---|---|
| जलाउने फोहोर (पेय पदार्थको क्यान र खाद्य पदार्थको क्यानहरूलाई सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल) | धातुले बनेका साना फोहोरहरू* | ठूलो आकारको फोहोर विस्तृत जानकारीको लागि पृष्ठ 12 र 13 हेर्नुहोस्। |

*ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका (पृष्ठ 12) मा लेखिएका वस्तुहरू ठूलो आकारको फोहोरहरू हुन्।

## ✖ निकाल्न नसकिने कुराहरू

घरायसी विद्युतीय उपकरण रिसाइकल ऐनको दायरामा पर्ने वस्तुहरू
(एयर कन्डिसनर, टिभी, फ्रिज, वासिङ मेसिन आदि)
रिसाइकल सिस्टम हुनाले सहरले सङ्कलन गर्नेछैन।

विस्तृत जानकारीको लागि पृष्ठ 16 हेर्नुहोस्।

कम्प्युटर
रिसाइकल सिस्टम हुनाले सहरले सङ्कलन गर्नेछैन।

विस्तृत जानकारीको लागि पृष्ठ 17 हेर्नुहोस्।

रिचार्ज गर्न मिल्ने सानो ब्याट्री
(ई-सिगरेट, मोबाइल ब्याट्री आदि)

आगलागी दुर्घटना निम्त्याउने खतरा हुनाले नियमित सङ्कलनमा निकाल्न सकिँदैन। अनिवार्य रूपमा उपकरणबाट ब्याट्री हटाई तल लेखिएको विवरण हेरी फाल्ने प्रक्रिया गर्नुहोस्।

## रिचार्ज गर्न मिल्ने सानो ब्याट्री, बटन आकारको ब्याट्री आदि

ब्याट्रीको प्रकार अनुसार फाल्ने तरिका फरक हुन्छ।

**नियमित सङ्कलनमा निकाल्न सकिँदैन!**

### ड्राइ सेल ब्याट्री

(प्रयोग गरिने सामानहरू)
रेडियो क्यासेट प्लेयर, टर्चलाइट, रिमोट कन्ट्रोलहरू आदि

→"जलाउने फोहोर" को रूपमा निकाल्नुहोस्।

विस्तृत जानकारीको लागि पृष्ठ 6 हेर्नुहोस्।

### बटन आकारको ब्याट्री

(प्रयोग गरिएको सामानहरू)
हातमा लगाउने घडी, श्रवण सहायक यन्त्र, सुरक्षा बजर आदि

→इलेक्ट्रोनिक्स पसल आदिको सङ्कलन बक्समा हाल्नुहोस्।

### रिचार्ज गर्न मिल्ने सानो ब्याट्री

- लिथियम आयन ब्याट्री
- निकेल मेटल हाइड्राइड ब्याट्री
- निकेल क्याडमियम ब्याट्री

(प्रयोग गरिने सामानहरू)
डिजिटल क्यामेरा, भिडियो क्यामेरा, ई-सिगरेट, मोबाइल ब्याट्री, पोर्टेबल फ्यान, कर्डलेस भ्याकुम क्लिनर आदि



→सहर कार्यालयको मुख्य भवन वा आजीवन अध्ययन प्लाजाको सङ्कलन बक्समा हाल्नुहोस्।
(सङ्कलन बक्स भएका ठाउँहरूको जानकारीको लागि सहरको होमपेज हेरी निश्चय गर्नुहोस्।)

रिसाइकल मार्क भई, नफुलेका ब्याट्रीहरू इलेक्ट्रोनिक्स पसल आदिको सङ्कलन बक्स अथवा बिक्री पसलमा पनि सङ्कलन गरिन्छ।
(ब्याट्री सङ्कलन गरिरहेका पसलहरूको जानकारीको लागि सहरको होमपेज हेरी निश्चय गर्नुहोस्।)

Ni-Cd ニカド電池　Ni-MH ニッケル水素電池　Li-ion リチウムイオン電池

# खतरनाक वस्तुहरू

## निकाल्ने तरिका




"धातुले बनेका साना फोहोरहरू" को दिन आमागासाकी सहरले तोकेको झोलामा हाली, "खतरा" （キケン） अथवा "स्प्रे क्यान" （スプレーかん） भनेर लेखेको मेमो टाँसेर निकाल्नुहोस्।

धारिला वस्तुहरू



सिसाहरू





कपडा आदिले बेर्नुहोस्।

पेन्ट क्यान, ओइल क्यान




भित्र भएका सामग्रीहरू पूर्ण रूपमा हटाउनुहोस्।




तोकिएको झोलामा हालेर कागजमा "खतरा"(キケン) भनेर लेखेको मेमो टाँस्नुहोस्।

स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर



भित्र भएका सामग्रीहरू पूर्ण रूपमा खाली गर्ने।

अरू फोहोरहरूसँग नमीसाई, अलगै झोलामा हाल्नुहोस्।




तोकिएको झोलामा हालेर कागजमा "स्प्रे क्यान"(スプレーかん) भनेर लेखेको मेमो टाँस्नुहोस्।

जे गर्दा पनि भित्र भएका सामग्रीहरू पूर्ण रूपमा खाली गर्न नसकेको अवस्थामा घरेलु फोहोर जानकारी केन्द्र (फोन 06-6374-9999/ FAX06-6409-1193 जापानी भाषामा मात्र) सँग परामर्श गर्नुहोस्।
क्यान र सिलिन्डर मात्र तोकिएको झोलामा हाल्नुहोस्।
धारिला वस्तुहरू, सिसाहरू जस्ता अन्य फोहोरसँगै हालिएको अवस्थामा सङ्कलन गरिनेछैन।

## ○ निकाल्न सकिने कुराहरू

धारिला वस्तुहरू
किचेन चक्कु, कैंची, फलामको काँटी, रेजर, औजारहरू आदि
सिसाहरू
फुटेको सिसाको बोतल, कस्मेटिकको सिसाको बोतल, फ्लोरोसेन्ट ट्युब, बल्ब आदि
पेन्ट क्यान, ओइल क्यान
स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर

# फोहोर सङ्कलन गर्ने ट्रक र प्रशोधन केन्द्रहरूमा धेरै आगलागी दुर्घटनाहरू घटिरहेका छन्।


**भित्र सामग्री बाँकी भएको स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डर, लिथियम आयन ब्याट्री जस्तारिचार्ज गर्न मिल्ने साना ब्याट्रीहरूको** कारण भनेर ठानिएका फोहोर सङ्कलन गर्ने ट्रक र प्रशोधन केन्द्रहरूमा **आगलागी दुर्घटनाहरू बढिरहेका छन्।**
दुर्घटनाहरू रोक्नको लागि निम्न कुराहरू गरी सहयोग गर्नुहोस्।



## अनिवार्य रूपमा स्प्रे क्यान र पोर्टेबल ग्याँसको सिलिन्डरमा भएको ग्याँस पूर्ण रूपमा प्रयोग गरी क्यान र सिलिन्डरलाई खाली बनाउनुहोस्।

भित्रको ग्याँस निकाल्ने "ग्याँस निकाल्ने क्याप" भएका सामानहरू पनि हुन्छन्।
ग्याँस निकाल्ने क्यापको आकार, प्रयोग विधि आदि सामान अनुसार फरक हुने हुनाले अनिवार्य रूपमा सामानमा लेखिएको प्रयोग सम्बन्धी जानकारी हेर्नुहोस्।
ग्याँस निकाल्ने बेला
राम्रोसँग हावाको आवतजावत हुने र आगोको स्रोत नभएको खुला ठाउँमा ग्याँस निकाल्नुहोस्।
भित्र भएको सामग्रीहरू छरिने र आगो सल्कने खतरा हुनाले, प्वाल नपार्नुहोस्।

ग्याँस निकाल्ने क्यापको उदाहरण




स्रोत: सामान्य सम्मिलित संस्था जापान एरोसोल संघ

## रिचार्ज गर्न मिल्ने सानो ब्याट्रीहरू नियमित सङ्कलनमा निकाल्न सकिँदैन।

लिथियम आयन ब्याट्रीमा रिसाइकल मार्क हुन्छ। साथै "रिचार्ज गर्न सकिने सामानहरू" मा लिथियम आयन ब्याट्री प्रयोग गरिएको सम्भावना हुन्छ। लिथियम आयन ब्याट्रीहरू नियमित सङ्कलनमा निकाल्न सकिँदैन। अनिवार्य रूपमा उपकरणबाट ब्याट्री निकालेर फाल्ने प्रक्रिया गर्नुहोस्।

विस्तृत जानकारीको लागि पृष्ठ 10 हेर्नुहोस्।

## अन्य　आगलागी दुर्घटना रोकथामको लागि अनुरोध

○पेट्रोलियम स्टोभ र फ्यान हिटर निकाल्ने बेला अनिवार्य रूपमा ब्याट्री र मट्टितेल हटाउनुहोस्।
○ब्याट्री प्रयोग गरिरहेको उपकरणलाई अनिवार्य रूपमा ब्याट्री निकाल्नुहोस्।
○पोर्टेबल ग्याँस स्टोभ आदि निकाल्ने बेला अनिवार्य रूपमा पोर्टेबल ग्याँसको सिलिन्डर निकाल्नुहोस्।



# ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका

*ठूलो आकारको फोहोरको दायरामा पर्छ वा पर्दैन भन्ने कुराबारे फाल्ने वस्तुको मूल आकार अनुसार निर्धारण गरिन्छ।
*50 cm वा सोभन्दा कम भए तापनि, यो तालिकामा लेखिएका वस्तुहरू ठूलो आकारको फोहोर (श:शुल्क) मा पर्नेछन्।
*यो तालिकामा लेखिएका वस्तुहरू र आकारसँग मिल्दोजुल्दो वस्तुहरूमा सम्बन्धित वस्तुहरूको मूल्य लागु हुनेछ।
*ठूलो आकारको फोहोरको दायरामा पर्छ वा पर्दैन भन्ने कुरा निर्धारण गर्न नसकेको अवस्थामा घरेलु फोहोर जानकारी केन्द्र (Tel 06-6374-9999/ FAX 06-6409-1193 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ) मा सम्पर्क गर्नुहोस्।

| 1 | घरायसी विद्युतीय उपकरणहरू | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 1 | माइक्रोवेभ | 600 |
| 2 | डिस ड्रायर, डिसवासर | 300 |
| 3 | पाइन्ट प्रेस गर्ने मेसिन | 300 |
| 4 | भ्याकुम क्लिनर | 300 |

| 2 | तातो र चिसो बनाउने मेसिन | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 5 | एयर कुलर | 600 |
| 6 | कोताचु | 300 |
| 7 | स्टोभ | 300 |
| 8 | फ्यान | 300 |

| 3 | ध्वनि उपकरणहरू र वाद्ययन्त्रहरू | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 9 | अर्गन, इलेक्ट्रोनिक पियानो | 1500 |
| 10 | अडियो सिस्टम (सेट), काराओके सेट | 900 |

| 4 | ओछ्यानका सामानहरू | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 11 | बेड (सेमिडबल साइज अथवा दुई-तले वा सोभन्दा बढीको बेड) | 1200 |
| 12 | बेड (सिङ्गल साइजको बेड) | 900 |
| 13 | बेड म्याटरेस (सेमिडबल साइजको म्याटरेस वा सोभन्दा ठूलो) | 900 |
| 14 | बेड म्याटरेस (सिङ्गल साइजको म्याटरेस) | 600 |
| 15 | बेबी बेड | 600 |
| 16 | साधारण बेड | 300 |
| 17 | ओछ्याउने फुतोन प्रयोजनको म्याटरेस | 300 |
| 18 | फुतोन | 300 |

| 5 | फर्निचर र भुईं छोप्ने म्याटहरू | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 19 | जापानी शैलीको ड्रयर, लुगाको ड्रयर | 1800 |
| 20 | साइडबोर्ड | 1200 |
| 21 | सोफा (दु सिटर वा सोभन्दा ठूलो) | 1200 |
| 22 | जुत्ताको बक्स | 900 |
| 23 | कपब्रोर्ड | 900 |
| 24 | भण्डारण ड्रयर | 900 |
| 25 | बुक सेल्फ | 900 |
| 26 | ड्रेसिङ टेबल, पूरा शरीर देखिने साइजको ऐना | 600 |
| 27 | सोफा (वान सिटर) | 600 |
| 28 | डेस्क | 600 |
| 29 | टेबल | 600 |
| 30 | अकोर्डियन पर्दा | 300 |
| 31 | लुगाको केस, बेतको बास्केट | 300 |
| 32 | मेच, फ्लोर चेयर, चाइल्ड सिट | 300 |
| 33 | क्याबिनेट | 300 |
| 34 | गलैंचा | 300 |
| 35 | परम्परागत पार्टेसन, योसिजु पर्दा | 300 |
| 36 | टिभी स्ट्यान्ड, फोन स्ट्यान्ड | 300 |
| 37 | विद्युतीय कार्पेट | 300 |
| 38 | र्‍याक (भण्डारण र्‍याक), भण्डारण बक्स | 300 |
| 39 | ह्यान्डकार्ट | 300 |

| 6 | भान्साका भाँडाकुँडाहरू | |
|---|---|---|
| | वस्तुहरू | एकाइ मूल्य |
| 40 | ग्याँस स्टोभ (2 वटा वा सोभन्दा बढी मुख भएको स्टोभ) | 300 |
| 41 | चामल राख्ने भाँडो | 300 |

| 7 | चढ्ने वस्तुहरू | |
|---|---|---|
| | वस्तुहरू | चढ्ने वस्तुहरू |
| 42 | साइकल | 600 |
| 43 | ट्राइसाइकल, युनिसाइकल | 300 |
| 44 | बेबी कार, सपिङ कार्ट | 300 |

| 8 | शौकका उपकरणहरू तथा अन्य | |
|---|---|---|
| | वस्तु | एकाइ मूल्य |
| 45 | मसाज मेसिन (चेयर टाइपको मसाज मेसिन) | 1500 |
| 46 | स्वास्थ्य उपकरणहरू (वाकर आदि) | 900 |
| 47 | लुगा सुकाउने स्ट्यान्ड | 900 |
| 48 | बुनाई मेसिन र सिलाइ मेसिन | 600 |
| 49 | कम्प्युटर प्रयोजन र्‍याक | 600 |
| 50 | आइरन बोर्ड | 300 |
| 51 | स्टेपल्याडर | 300 |
| 52 | गल्फ ब्याग | 300 |
| 53 | गल्फ क्लब (14 वटासम्म) | 300 |
| 54 | सुटकेस | 300 |
| 55 | स्की उपकरण (स्की र पोल 1 सेट), स्नोबोर्ड | 300 |
| 56 | काठको प्लेटफर्म (सुनोको) | 300 |
| 57 | बाटा | 300 |
| 58 | बारबेक्यू सेट | 300 |
| 59 | बीच पारासोल | 300 |
| 60 | बाथटबको ढक्कन | 300 |
| 61 | बेबी बाथ | 300 |
| 62 | पोर्टेबल शौचालय र शौचालयको सिट | 300 |
| 63 | पोलिथिन ट्याङ्क (18 लिटर वा सोभन्दा बढीको पोलिथिन ट्याङ्क) | 300 |
| 64 | लुगा सुकाउने डण्डी | 300 |
| 65 | अन्य | |
| | ●फाल्ने वस्तुको मूल आकारको सबैभन्दा लामो साइड अथवा व्यास 50 cm भन्दा बढी, तौल 50kg वा सोभन्दा कम र आयतन 1 m³ वा सोभन्दा कमका वस्तुहरू | 300 |
| | ●फाल्ने बेलाको मूल आकारको सबैभन्दा लामो साइड अथवा व्यास 50 cm भन्दा बढी र तौल 50kg भन्दा बढीका वस्तुहरू<br>●फाल्ने वस्तुको मूल आकारको आयतन 1 m³ भन्दा बढीका वस्तुहरू | 1800 |

# ठूलो आकारको फोहोर तथा विशेष अवस्थामा निस्कने फोहोरको प्रक्रिया

<आवेदन आवश्यक>
जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।

## ठूलो आकारको फोहोर

दायरामा पर्ने वस्तुहरू
- फाल्ने वस्तुको मूल आकारको सबैभन्दा लामो साइड अथवा व्यास 50 cm भन्दा बढी भएका वस्तुहरू
- "ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका" मा लेखिएका वस्तुहरू

शुल्क
- हरेक वस्तु अनुसार एउटाको 300 येन ~ 1,800 येन
- प्रत्येक वस्तुको शुल्कको लागि "ठूलो आकारका फोहोरहरूको प्रकार अनुसारको शुल्क तालिका" हेर्नुहोस्।

## विशेष अवस्थामा निस्कने फोहोर

दायरामा पर्ने वस्तुहरू
- घर सर्ने आदि गर्दा घरबाट एकैसाथ ठूलो परिमाणमा निस्कने फोहोर

  *फोहोरको परिमाण र सामग्री निश्चय गर्नको लागि **सङ्कलनको बेला अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ।**

शुल्क
- एक छेउ 1.8 m भएको क्यूब (घनाकार) बराबरको परिमाणको शुल्क 5400 येन

  *प्रत्येक पटक माथि लेखिएको परिमाण नाघेसँगै सोही रकम बराबरको शुल्क लाग्नेछ।

## आवेदन तथा निकाल्ने तरिका आदि

घरेलु फोहोर जानकारी केन्द्र अथवा अनलाइन मार्फत आवेदन दिनुहोस्।
*शनिबार र आइतबार सङ्कलन गरिनेछैन।
*आवेदन स्थिति अनुसार तपाईंको इच्छा अनुसार सङ्कलन गर्न नसकिने अवस्था हुने हुनाले चाँडो आवेदन दिनुहोस्।

घरेलु फोहोर जानकारी केन्द्र TEL 06-6374-9999
FAX06-6409-1193

खुला समय
[सोमबार ~ शुक्रबार] 8:00 AM~4:45 PM
[शनिबार र सार्वजनिक बिदाको दिन] 9:00 AM~4:45 PM
*वर्षको अन्त्य र सुरुको अवधि बाहेक

आमागासाकी सहर ठूलो आकारको फोहोर तथा विशेष अवस्थामा निस्कने फोहोरको लागि अनलाइन मार्फत आवेदन

- आवेदन प्राप्त भएपछि आवेदन विवरण निश्चय गरी क्रमिक रूपमा इमेल पठाइनेछ।
- फोहोर राख्ने ठाउँको निश्चय आदि गर्न सहरले सम्पर्क गर्ने अवस्थाहरू हुन सक्छ।

सङ्कलन गरिने दिनसम्ममा फोहोर प्रशोधन टिकट खरिद गर्नुहोस्।
*"ठूलो आकारको फोहोर" को खण्डमा फोहोर प्रशोधन टिकटमा आवेदन दर्ता नम्बर लेखी प्रत्येकलाई सजिलै देखिने ठाउँमा टाँस्नुहोस्।
*"विशेष अवस्थामा निस्कने फोहोर" को खण्डमा फोहोरमा नटाँसीकन, सङ्कलनकर्तालाई हस्तान्तरण गर्नुहोस्।

रिजर्भ गरेको सङ्कलन गरिने दिनमा तोकिएको ठाउँमा राख्नुहोस्।
*भवन भित्र वा परिसर भित्रबाट ओसारिनेछैन।

[कृपया याद राख्नुहोस्।]
विशेष अवस्थामा निस्कने फोहोर सङ्कलनको बेला अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ।*भवन भित्र वा परिसर भित्रबाट ओसारिनेछैन।

## ध्यान दिनुपर्ने कुराहरू

○सहरले सहर भित्रका पसल, कार्यालय, व्यवसाय, कन्ट्र्याक्टर आदिको व्यावसायिक गतिविधिहरूबाट निस्कने फोहोरहरू सङ्कलन गर्नेछैन।
व्यवसायीहरू आफैले जिम्मेवारी लिई उचित रूपमा फोहोरको प्रशोधन गर्नुहोस्।

○सङ्कलन समय तोक्न सकिनेछैन।

○अनिवार्य रूपमा आवेदन विवरण र जानकारी गराइएका कुराहरू मेमो गरेर राख्नुहोस्।
पछिका दिनहरूमा सम्पर्क गर्ने खण्डमा आवश्यक पर्नेछ।

○सङ्कलन गर्ने फोहोर वस्तुहरूमा परिवर्तन वा थप्ने अवस्थामा अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।
अनलाइन मार्फत आवेदन दिएको खण्डमा, अनलाइनमा विवरण परिवर्तन वा रद्द गर्न सकिन्छ।

○"विशेष अवस्थामा निस्कने फोहोर" को रूपमा निकाल्ने बेलामा ध्यान दिनुपर्ने कुराहरू
- पोर्टेबल ग्याँसको सिलिन्डर, लिथियम आयन ब्याट्री आदि
  आगलागी वा विस्फोटको खतरा हुने हुनाले यी कुराहरू निकाल्ने बेला अनिवार्य रूपमा सूचित गराउनुहोस्।
- म्यागजिन, किताब जस्ता कागजहरू
  "कागज र लुगाहरू" को दिन निकाल्नुहोस्।

[सहयोग गर्नुहोस्]
आगलागी दुर्घटना रोकथामको लागि विशेष अवस्थामा निस्कने फोहोरमा भएका कुराहरू निश्चय गर्दै सङ्कलन गरिनेछ।

## फोहोर प्रशोधन टिकट र विशेष अवस्थामा निस्कने फोहोर प्रशोधन टिकट

*अग्रिम रूपमा आवश्यक संख्याबारे विचार गर्नुहोस्।

●फोहोर प्रशोधन टिकट (नमुना)




<उदाहरण>
एउटा 900 येनको फोहोर निकाल्ने बेला, 3 वटा यो सिल आवश्यक पर्छ।

●विशेष अवस्थामा निस्कने फोहोर प्रशोधन टिकट (नमुना)




*विशेष अवस्थामा निस्कने फोहोरको प्रशोधन टिकटलाई फोहोरमा नटाँसीकन, सङ्कलनकर्तालाई हस्तान्तरण गर्नुहोस्।

<उदाहरण>
एक छेउ 1.8 m भएको क्यूब (घनाकार) बराबर भन्दा बढी भएको फोहोरको परिमाण भएको खण्डमा 2 वा सोभन्दा बढी प्रशोधन टिकट आवश्यक पर्नेछ।

## फोहोर प्रशोधन टिकट बिक्री स्थान




पसलको अगाडि बिक्री पसलको सिल टाँसिएका,कन्भिनियन्स स्टोर आदिमा बिक्री गरिन्छ।
विस्तृत जानकारीको लागि सहरको होमपेज हेर्नुहोस्।

# छुट्याउन गाह्रो हुने फोहोरहरूको प्रकार अनुसार वर्गीकरण तालिका

*सहरको होमपेजमा धेरै सोधिने वस्तुहरूलाई प्राथमिकता दिई "फोहोर वर्गीकरण शब्दावली संग्रह" को रूपमा जापानी वर्णमालाको क्रमअनुसार राखिएको छ।

| वस्तुहरू | प्रकार अनुसार वर्गीकरण | ध्यान दिनुपर्ने कुराहरू आदि |
|---|---|---|
| एक्सटेन्सन कोड | धातुले बनेका साना फोहोरहरू | |
| ह्युमिडिफायर | | 50 cm भन्दा बढीका वस्तुहरू "ठूलो आकारको फोहोर " |
| डायटोमेसियस माटोका सामानहरू (कोस्टर , बाथ म्याट आदि ) | जलाउने फोहोर | पर्याप्त भिजाएपछि प्लास्टिकको झोला आदिमा हालेर तोकिएको झोलामा हाल्नुहोस्। 50 cm भन्दा बढीका वस्तुहरू (बाथ म्याट आदि ) "ठूलो आकारको फोहोर " |
| औजारहरू | धातुले बनेका साना फोहोरहरू | 50 cm भन्दा बढीका वस्तुहरू "ठूलो आकारको फोहोर " |
| डिह्युमिडिफायर | | |
| जापानी शैलीको चक्टी | जलाउने फोहोर | एक पटकमा 2 वटासम्म। |
| थर्मामिटर | जलाउने फोहोर | विद्युतीय मापन यन्त्रलाई "जलाउने फोहोर "। सिसाले बनेका वस्तुहरूको लागि घरेलु फोहोर जानकारी केन्द्र (TEL 06-6374-9999 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ। ) मा |
| माटो र बालुवाहरू (पेट (घरपालुवा जनावर ) प्रयोजन पनि पर्छ। ) | जलाउने फोहोर | तोकिएको सानो झोला एक पटकमा एउटासम्म। |

| वस्तुहरू | प्रकार अनुसार वर्गीकरण | ध्यान दिनुपर्ने कुराहरू आदि |
|---|---|---|
| ई-सिगरेट , विद्युतीय रेजर आदि (रिचार्ज गर्न मिल्ने ब्याट्री प्रयोग गरिएका उपकरणहरू ) | (नियमित सङ्कलन गर्न सकिँदैन। ) | बिक्री पसल आदिमा फिर्ता गर्नुहोस्। बिक्री पसल आदिमा सङ्कलन गर्न नसकिने खण्डमा घरेलु फोहोर जानकारी केन्द्र (TEL 06-6374-9999 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ। ) मा |
| ह्याङ्गर (यसमा वायरले बनेको पनि पर्छ ) | जलाउने फोहोर | सकेसम्म बिक्री पसलमा फिर्ता गर्नुहोस्। |
| ह्यान्डी क्लिनर | धातुले बनेका साना फोहोरहरू | |
| प्रिन्टर | | 50 cm भन्दा बढीका वस्तुहरू "ठूलो आकारको फोहोर " |
| कङ्क्रिट ब्लक र ईँटाहरू | | एक पटकमा 3 वटासम्म। निर्माणसँग सम्बन्धित वस्तुहरूको लागि व्यवसायीलाई अनुरोध |
| फुतोन | ठूलो आकारको फोहोर | यसमा गर्मी प्रयोजन र बेबी प्रयोजन पनि पर्छ। |
| बाथटबको ढक्कन | | |
| कम्बल | जलाउने फोहोर | एक पटकमा एउटासम्म। |
| स्कूलको झोला | | |

# घरेलु फोहोर आफैले लिएर जानेबारे

**<अग्रिम रिजर्भेसन आवश्यक>**
जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।

## आफैले फोहोर लिएर जाने प्रक्रिया

### 1. रिजर्भ गर्नुहोस्।

3 हप्ता अघिदेखि अघिल्लो दिनसम्ममा क्लिन सेन्टरमा **अनलाइन** अथवा **फोन** मार्फत आवेदन दिनुहोस्।

**रिजर्भ गर्दा आवश्यककुराहरू**

❶नाम ❷ठेगाना
❸दिउँसोको समयमा सम्पर्क हुने फोन नम्बर
❹लिएर जाने मिति र समय ❺फोहोर विवरण
❻फोहोरको संख्या र परिमाण
❼लिएर जाँदा प्रयोग गर्ने सवारी साधनको प्रकार

* **रिजर्भ स्थिति अनुसार तपाईंले चाहनुभएको मिति र समयमा रिजर्भ गर्न नसकिने अवस्थाहरू हुन सक्छन्।**

### 2. ओताकासु कार्यालयमा लिएर जानुहोस्।

काउन्टरमा **रिजर्भ नम्बर** भन्नुहोस्।
**परिचय खुल्ने कागजात** देखाउनुहोस्।

### 3. फोहोर झार्नुहोस्।

लिएर गएको व्यक्ति आफैंले तोकिएको ठाउँमा फोहोर झार्नुहोस्।

### 4. शुल्क भुक्तानी गर्नुहोस्।

भुक्तानी मेसिनमा शुल्क भुक्तानी गर्नुहोस्।

## लिएर जाने समय

सोमबार~शुक्रबार
(यसमा सार्वजनिक बिदाको दिन पनि पर्छ। तर वर्षको अन्त्य र सुरुको अवधि पर्दैन।)
***सोमबारको लागि दिने आवेदन, अघिल्लो हप्ताको शुक्रबारसम्म**

**9:00** AM~**11:30** AM
**1:30** PM~**4:00** PM

## रिजर्भेसन तथा सम्पर्क

| अनलाइन मार्फत रिजर्भेसन | फोन मार्फत रिजर्भेसन |
|---|---|
| 24 घण्टा काउन्टर खुला | TEL 06-6409-0101<br>FAX 06-6409-0210<br>8:30 AM~5:15 PM<br>वर्षको अन्त्य र सुरुको अवधि बाहेकको सोमबार~शुक्रबार (यसमा सार्वजनिक बिदाको दिन पनि पर्छ।) |

## आफैले लिएर जाँदा लाग्ने शुल्क

घरेलु फोहोर: प्रति 10 kg को 103 येन
***नगद भुक्तानी मात्र**

## ध्यान दिनुपर्ने कुराहरू, अनुरोध आदि

○आवेदन दिँदा तोकिएको मिति र समय तथा निर्देशन विवरणहरूको पालना गर्नुहोस्।
○लिएर जाने फोहोरहरूलाई घरेलु फोहोरको उपयोगी पुस्तिकामा लेखिए अनुसार वर्गीकरण गरेर लिएर जानुहोस्।
○आमागासाकी सहर भित्रका घरहरूबाट निस्किएका फोहोरहरू मात्र लिएर जान सकिन्छ।
○फोहोरको मालिक र परिवारको सदस्य बाहेक अरूले फोहोर लिएर जान सक्नेछैन।
○फोहोर जाँच गरिनेछ।
उचित रूपमा प्रशोधन गर्नको लागि आवश्यकता अनुसार ढुवानी गरिएको फोहोर जाँच गरिनेछ।
ढुवानी गर्न नसकिने फोहोर भएको खण्डमा, फिर्ता पठाइनेछ।

## ओताकासु कार्यालयमा जाने जानकारी


ठेगाना: आमागासाकी सहर ओओताकासुच्यो-2

हान्सिन आमागासाकी स्टेसनबाट गोगोबासी लाइनमा दक्षिण तर्फ लगभग 2 km

राष्ट्रिय मार्ग नं. 43 पार गरेपछि पेट्रोल पम्पको पूर्वपट्टि

ओताकासु कार्यालयको प्रवेशद्वार






# सहरले सङ्कलन नगर्ने फोहोरहरू


## घरायसी विद्युतीय उपकरण रिसाइकल ऐनको दायरामा पर्ने वस्तुहरू


सहरले सङ्कलन गर्नेछैन।
क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।



एयर कन्डिसनर


CRT टिभी


LCD, OLED प्लाज्मा टिभी


विद्युतीय फ्रिज
*यसमा कुलर बक्स र हिटिङ एण्ड कुलिङ बक्स पनि पर्छ।


विद्युतीय फ्रिजर


विद्युतीय वासिङ मेसिन


लुगा सुकाउने मेसिन

### नयाँ किनेर बदल्ने बेला

नयाँ सामान खरिद गर्ने बिक्री पसलमा सङ्कलन गर्न अनुरोध गर्नुहोस्।

**(रिसाइकल शुल्क + सङ्कलन ढुवानी शुल्क आवश्यक पर्छ।)**

### नबदली फाल्ने मात्र बेला

विधि 1

उक्त सामान खरिद गरेको बिक्री पसलमा सङ्कलन गर्न अनुरोध गर्नुहोस्।

**(रिसाइकल शुल्क + सङ्कलन ढुवानी शुल्क आवश्यक पर्छ।)**

विधि 2

खरिद गरेको बिक्री पसल थाहा नभएमा, पसल बन्द भइसकेको अवस्था अथवा घर सरेकोले नजिकै नभएमा अमागासाकी इलेक्ट्रोनिक्स व्यापार संघ (मुख्य लाइन TEL 06-6419-0615 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।) मा सम्पर्क गर्नुहोस्।
**(अनुरोध गर्ने खण्डमा रिसाइकल शुल्क + सङ्कलन ढुवानी शुल्क आवश्यक पर्छ।)**

विधि 3

आफैले तोकिएको सङ्कलन स्थान*मा लिएर जानुहोस्।
**(आफैले लिएर जाने खण्डमा रिसाइकल शुल्क + पोस्ट अफिसमा भुक्तानी गर्ने रकम स्थानान्तरण शुल्क लाग्छ।)**
*तोकिएको सङ्कलन स्थानको जानकारीको लागि "सामान्य सम्मिलित संस्था घरायसी विद्युतीय उपकरण संघ घरायसी विद्युतीय उपकरण रिसाइकल टिकट केन्द्र
(जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।)" मा सम्पर्क गर्नुहोस्।

सामान्य सम्मिलित संस्था घरायसी विद्युतीय उपकरण संघ घरायसी
विद्युतीय उपकरण रिसाइकल टिकट केन्द्र
TEL 0120-319640 FAX: 03-3903-7551
[खुला समय] 9:00 AM~6:00 PM (आइतबार र बिदाको दिन)

## स्वीकृति प्राप्त नगरेका अनावश्यक सामान सङ्कलन गर्ने व्यवसायीहरूको प्रयोग नगर्नुहोस्।


स्पिकरमा घोषणा आदि गर्दै घर वरिपरि ट्रक घुमाउने, घरको मेल बक्समा "अनावश्यक सामान सङ्कलन गरिन्छ" आदि लेखेको पर्चा हाल्ने आदि गर्ने अनावश्यक सामान सङ्कलन व्यवसायीहरूले सहरबाट अनावश्यक सामान र फोहोर सङ्कलन गर्ने स्वीकृति प्राप्त गरेका नहुने हुनाले घरायसी विद्युतीय उपकरण जस्ता अनावश्यक सामानहरू हस्तान्तरण नगर्नुहोस्। स्वीकृति प्राप्त नगरेका अनावश्यक सामान सङ्कलन गर्ने व्यवसायीहरूको प्रयोग गर्नाले अचानक महँगो शुल्क माग गरिने जस्ता समस्याहरू धेरै भइरहेका छन्।

सहरले मात्र अनावश्यक सामान र घरबाट निस्कने फोहोर सङ्कलन गर्न सक्छ।



## कम्प्युटर

सहरले सङ्कलन गर्नेछैन।
क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।



डेस्कटप कम्प्युटरको बडी, ल्यापटप र डिस्प्लेको लागि निम्न तरिकामा फाल्ने प्रक्रिया गर्नुहोस्।

### घरबाट पठाउने सेवा मार्फत नि:शुल्क सङ्कलन

"रिनेट जापान रिसाइकल कम्पनी लिमिटेड" ले घरमा अनावश्यक भएका कम्प्युटरहरू नि:शुल्क सङ्कलन गरिरहेको छ।

[सङ्कलन प्रक्रिया]




रिनेट जापान रिसाइकल कम्पनी लिमिटेड
https://www.renet.jp/
TEL 0570-085-800
(जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।)
खुला समय: 10:00 AM~5:00 PM

リネットジャパン 検索

- डाटा आफैले मेटाउनुहोस्। (नि:शुल्क मेटाउने सफ्टवेयर प्रदान जस्ता सेवाहरू पनि छन्।)
- अन्य साना घरायसी विद्युतीय उपकरण, प्रिन्टर जस्ता सहायक उपकरणहरू पनि सँगै सङ्कलन गर्न सकिन्छ।
- कम्प्युटर सहितको एउटा कार्डबोर्ड बक्स(3 साइडको कुल लम्बाइ140 cm सम्म, तौल 20 kg सम्म) को सङ्कलन शुल्क लाग्दैन।

### मेकर आदिद्वारा गरिने सङ्कलन

तपाईंको कम्प्युटरमा PC रिसाइकल मार्क भएको खण्डमा सीधै कम्प्युटर मेकरलाई सङ्कलन गर्न आवेदन दिनुहोस्।

सङ्कलन शुल्क लाग्दैन।

PC
リサイクル

PC रिसाइकल मार्क नभएको खण्डमा सङ्कलन शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ। विस्तृत जानकारीको लागि कम्प्युटर 3R प्रवर्द्धन संघमा सम्पर्क गर्नुहोस्।

सामान्य सम्मिलित संस्था कम्प्युटर 3R प्रवर्द्धन संघ
https://www.pc3r.jp/
TEL 03-5282-7685 (जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।)
FAX 03-3233-6091
[खुला समय] 9:00 AM~12:00 PM/1:00 PM~5:00 PM (शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन, वर्षको अन्त्य र सुरुको अवधि आदि बाहेक)

## मोटरसाइकल (यसमा सानो इन्जिन भएको स्कुटर/मोटरसाइकल पनि पर्छ।)

सहरले सङ्कलन गर्नेछैन।
क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।

फाल्नको लागि दुई-पाङ्ग्रे रिसाइकल कल सेन्टर अथवा दायाँपट्टिको मार्क भएको पसलमा सम्पर्क गर्नुहोस्।

**दुई-पाङ्ग्रे रिसाइकल कल सेन्टर**
TEL 050-3000-0727 (जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।)
[खुला समय] 9:30 AM~5:00 PM (शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन, वर्षको अन्त्य र सुरुको अवधि आदि बाहेक)
https://www.jarc.or.jp/motorcycle/

Motorcycle Recycling
廃棄二輪車取扱店

## घरमा गरिने चिकित्साका फाल्ने फोहोरहरू

सहरले संक्रामक वस्तुहरू र धारिला वस्तुहरू सङ्कलन गर्नेछैन।
क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।



सहरले संक्रामक चिकित्सा उपकरणहरू र धारिला चिकित्सा उपकरणहरू सङ्कलन गर्नेछैन। ती वस्तुहरू प्राप्त गरेको चिकित्सा संस्था वा फार्मेसीमा फिर्ता गर्नुहोस्।

## प्रशोधन गर्न गाह्रो हुने वस्तु आदि

सहरले सङ्कलन गर्नेछैन।
क्लिन सेन्टरमा लिएर जान पनि सकिनेछैन।

तल लेखिएका फोहोरहरूको सन्दर्भमा, फोहोर फाल्ने व्यक्तिले आफैंले उचित रूपमा प्रशोधन गर्नुहोस् अथवा खरिद गरेको ठाउँ वा उक्त वस्तु विशेष प्रशोधन व्यवसायीलाई सङ्कलन गर्न अनुरोध गर्नुहोस्।



○प्रोपेन ग्याँसको सिलिन्डर
सिलिन्डरमा लेखिएको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।
नलेखिएको भएमा ह्योगो जिल्ला LP ग्याँस संघ
(TEL 078-361-8064/FAX 078-361-8073 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।) मा सम्पर्क गर्नुहोस्।

○कीटनाशक



○ब्याट्री, टायर जस्ता सवारी साधनका पार्टपुर्जाहरू



○पियानो (इलेक्ट्रोनिक पियानो बाहेक)
सम्बन्धित बिक्री पसल आदिमा सम्पर्क गर्नुहोस्।



○आगो निभाउने उपकरण
निर्माण कम्पनी वा खरिद गरेको पसलसँग परामर्श गर्नुहोस्।
खरिद गरेको पसल आदि थाहा नभएको खण्डमा दमकल कार्यालय अग्नि नियन्त्रण शाखा
(TEL 06-6481-3964/FAX 06-6483-5022 जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।) मा सम्पर्क गर्नुहोस्।



## सम्पर्क स्थान *जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ।

| विवरण | आवेदन तथा सम्पर्क स्थान | फोन | खुला समय (वर्षको अन्त्य र सुरुको अवधि बाहेक) |
|---|---|---|---|
| घरेलु फोहोरको वर्गीकरण तथा सङ्कलन | घरेलु फोहोर जानकारी केन्द्र | TEL 06-6374-9999<br>FAX 06-6409-1193 | [सोमबार~शुक्रबार]<br>8:00 AM~4:45 PM<br>[शनिबार र सार्वजनिक बिदाको दिन]<br>9:00 AM~4:45 PM |
| ठूलो आकारको फोहोर तथा विशेष अवस्थामा निस्कने फोहोरको आवेदन | | | |
| मरेको जनावर (कुकुर, बिरालो जस्ता साना जनावरहरू) को सङ्कलनको लागि आवेदन | | | |
| फोहोर लिएर जानको लागि रिजर्भ आवेदन | क्लिन सेन्टर | TEL 06-6409-0101<br>FAX 06-6409-0210 | 8:30 AM~5:15 PM<br>(सोमबार~शुक्रबार (यसमा सार्वजनिक बिदाको दिन पनि पर्छ।)) |
| फोहोर न्यूनीकरण तथा रिसाइकल | फोहोर न्यूनीकरण नीति डेस्क | TEL 06-6409-1341<br>FAX 06-6409-1277 | 8:30 AM~5:15 PM<br>(सोमबार~शुक्रबार (सार्वजनिक बिदाको दिन बाहेक)) |

# प्रत्येक क्षेत्रको फोहोर सङ्कलन गरिने दिन (बार)

(तोकिएको दिन सार्वजनिक बिदाको दिन भएको अवस्थामा पनि सामान्य रूपमा सङ्कलन गरिनेछ।)

वर्षको अन्त्य र सुरुको अवधिको सङ्कलन गरिने समयतालिका आमागासाकी न्यूजलेटरमा छुट्टै प्रकाशन गरिनेछ।
*तपाईं बसोबास गर्नुहुने च्यो/माचीको नाम राम्रोसँग निश्चय गरी अगाडिको पृष्ठको ○ भएको ठाउँमा सम्बन्धित दिन (बार) आदि लेख्नुहोस्।

| क्षेत्र | च्यो/माचीको नाम | जलाउने फोहोर | सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल | कागज र लुगाहरू | धातुले बनेका साना फोहोरहरू • खतरनाक वस्तुहरू |
|---|---|---|---|---|---|
| 1 | निसिकोया, चुनेमाचु, मुकोनोसातो, मुकोयुताकामाची, चुनेयोसी, मुको-मोतोमाची | हरेक हप्ता सोम र बिही बार | हरेक हप्ता शुक्रबार | हरेक हप्ता मंगलबार | दोस्रो बुधबार |
| 2 | मुकोच्यो, मुकोनोसो 1 र 2 च्योमे, मुकोनोसो-निसी, मिनामी-मुकोनोसो 6~9 च्योमे | | | | तेस्रो बुधबार |
| 3 | मुकोनोसो 6~9 च्योमे | | हरेक हप्ता मंगलबार | हरेक हप्ता शुक्रबार | तेस्रो बुधबार |
| 4 | मुकोनोसो-होन्माची, मुकोनोसो 3~5 च्योमे, मुकोनोसो-हिगासी | | | | चौथो बुधबार |
| 5 | मिनामी-मुकोनोसो 1~5 च्योमे | हरेक हप्ता मंगल र शुक्र बार | हरेक सोमबार | हरेक हप्ता बुधबार | तेस्रो बिहीबार |
| 6 | तोमाचुच्यो, चुकागुचिच्यो 3~6 च्योमे | | | | चौथो बिहीबार |
| 7 | कामिनोसिमाच्यो, कुरियामाच्यो, मिनामी-चुकागुचिच्यो, हिगासी-चुकागुचिच्यो | | हरेक बिहीबार | हरेक सोमबार | दोस्रो बुधबार |
| 8 | चुकागुचिच्यो 1 र 2 च्योमे, चुकागुचि-होन्माची, इनादेरा 3 च्योमे | हरेक हप्ता बुध र शनि बार | हरेक हप्ता शुक्रबार | हरेक हप्ता मंगलबार | दोस्रो बिहीबार |
| 9 | तानोउ 3~6 च्योमे, इनादेरा 1 र 2 च्योमे, मिनामी-सिमिजु, केमा, मिसोनो 1 र 2 च्योमे, कुचितानाका 1 च्योमे, कावारानोमिया 1 च्योमे | | हरेक सोमबार | हरेक बिहीबार | चौथो शुक्रबार |
| 10 | तानोउ 1 र 2 च्योमे, सिदोउ, हिगासी-सोनोदाच्यो 2~5 च्योमे | | हरेक हप्ता मंगलबार | | तेस्रो शुक्रबार |
| 11 | हिगासी-सोनोदाच्यो 1 र 6~9 च्योमे | | | | दोस्रो शुक्रबार |
| 12 | कामिसाकाबे, मिसोनो 3 च्योमे, कुचितानाका 2 च्योमे, कावारानोमिया 2 च्योमे, नाकोजी 1 र 2 च्योमे | | हरेक बिहीबार | हरेक हप्ता शुक्रबार | तेस्रो सोमबार |
| 13 | कुकुची 1 र 2 च्योमे, सिमोसाकाबे 4 च्योमे, नाकोजी 3 च्योमे, कोनाकाजिमा, जेन्पोजिच्यो, नुकाताच्यो, तोनोउचिच्यो | | | हरेक हप्ता मंगलबार | चौथो शुक्रबार |
| 14 | नानामाचुच्यो 2 र 3 च्योमे, ताचिबानाच्यो 1~3 च्योमे, मिजुदोच्यो 3 च्योमे, मिनामी-मुकोनोसो 10~12 च्योमे | हरेक हप्ता सोम र बिही बार | हरेक हप्ता शुक्रबार | | चौथो बुधबार |
| 15 | इनाबा-मोतोमाची, ओओस्यो-किता (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 23 मा पर्छन्।), हामादाच्यो (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 23 मा पर्छन्।), नानामाचुच्यो 1 च्योमे,निसी-ताचिबानाच्यो, योमोगावासोएन | | हरेक हप्ता मंगलबार | हरेक हप्ता बुधबार | दोस्रो शुक्रबार |
| 16 | इनाबासो (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 23 मा पर्छन्।), ताचिबानाच्यो 4 च्योमे, मिजुदोच्यो 1 र 2 र 4 च्योमे | | हरेक हप्ता बुधबार | हरेक हप्ता शुक्रबार | चौथो मंगलबार |

बार (दिन) गन्ती गर्ने तरिका

दायाँपट्टि भएको क्यालेन्डरको खण्डमा, पहिलो बिहीबार 1 तारिख र पहिलो सोमबार 5 तारिख हुन्छ।

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | |

| क्षेत्र | च्यो/माचीको नाम | जलाउने फोहोर | सिसाको बोतल, क्यान र प्लास्टिकको बोतल | कागज र लुगाहरू | धातुले बनेका साना फोहोरहरू • खतरनाक वस्तुहरू |
|---|---|---|---|---|---|
| 17 | ओहामाच्यो, कुकुची-निसीमाची, सिओए 1 र 5 च्योमे | हरेक हप्ता **मंगल र शुक्र** बार | हरेक **बिही**बार | हरेक **सोम**बार | **तेस्रो बुध**बार |
| 18 | निसी-नानिवाच्यो (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 25 मा पर्छन्।), हिगासी-नानिवाच्यो 2~5 च्योमे (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 25 मा पर्छन्।), मिनामी-नानामाचुच्यो, निसी-नागासुच्यो 3 च्योमे | | हरेक **सोम**बार | हरेक हप्ता **बुध**बार | **चौथो बिही**बार |
| 19 | ओओनिसीच्यो, सान्तान्दाच्यो, हिगासी-नानामाचुच्यो, हिगासी-नानिवाच्यो 1 च्योमे, मेइसिनच्यो | | हरेक हप्ता **बुध**बार | हरेक **बिही**बार | **तेस्रो सोम**बार |
| 20 | कान्जाकिच्यो, कुकुची 3 च्योमे, सिओए 2~4 च्योमे, सिमोसाकाबे 1~3 च्योमे, ताकाताच्यो, चुगिया, निसिकावा, हामा 2 र 3 च्योमे | हरेक हप्ता **बुध र शनि** बार | हरेक हप्ता **शुक्र**बार | हरेक हप्ता **मंगल**बार | **दोस्रो बिही**बार |
| 21 | इमाफुकु, किनराकुजिच्यो 1 च्योमे, कुइसे-किता-सिन्माची 1 च्योमे, कुइसेतेराजिमा (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 26 मा पर्छन्।), कुइसे-होन्माची 1 च्योमेको राष्ट्रिय मार्ग नं. 2 को उत्तरतर्फ पर्ने क्षेत्र (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 26 मा पर्छन्।), ज्योकोजी 1, 3 र 4 च्योमे, नागासु-नाका-दोओरी 1 च्योमे, नागासु-निसी-दोओरी 1 च्योमे, नागासु-होन्दोओरी 1 च्योमे, नागासु-हिगासी-दोओरी 1 च्योमे, निसी-नागासुच्यो 1 च्योमे, हामा 1 च्योमे | | हरेक हप्ता **मंगल**बार | हरेक **सोम**बार | **तेस्रो शुक्र**बार |
| 22 | किता-दाइमोचुच्यो, किनराकुजिच्यो 2 च्योमे, कुइसे-किता-सिन्माची 2~4 च्योमे (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 26 मा पर्छन्।), कुइसे-होन्माची 2 च्योमे (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 26 मा पर्छन्।), ज्योकोजी 2 च्योमे, स्योवा-दोओरी 1 र 2 च्योमेको राष्ट्रिय मार्ग नं. 2 को उत्तरतर्फ पर्ने क्षेत्र (राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू क्षेत्र 26 मा पर्छन्।), नागासु-नाका-दोओरी 2 र 3 च्योमे, नागासु-निसी-दोओरी 2 च्योमे, नागासु-हिगासी-दोओरी 2 र 3 च्योमे, नागासु-होन्दोओरी 2 र 3 च्योमे, निसी-नागासुच्यो 2 च्योमे | | हरेक **बिही**बार | | **दोस्रो मंगल**बार |
| 23 | ओओसिमा, ओओस्यो-निसीमाची, ओओस्यो-नाका-दोओरी 1~4 च्योमे, ओओस्यो-कावाताच्यो, नाकिरियामाच्यो, कोतोउराच्यो, सुतोकुइन, मुकोगावाच्यो, मोतोहामाच्यो, मारुसिमाच्यो, ओओहामाच्यो, "इनाबासो, ओओस्यो-किता र हामादाच्योको राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू" आदि | हरेक हप्ता **सोम र बिही** बार | हरेक हप्ता **बुध**बार | हरेक हप्ता **मंगल**बार | **दोस्रो शुक्र**बार |
| 24 | ओओस्यो-नाका-दोओरी 5 च्योमे, सुइमेइच्यो, योमोगावाच्यो, दोइच्यो | | | | **तेस्रो शुक्र**बार |
| 25 | स्योवा-दोओरी 3~9 च्योमे, स्योवा-मिनामी-दोओरी, कान्दा-किता-दोओरी, कान्दा-नाका-दोओरी, कान्दा-मिनामी-दोओरी, किता-ताकेयाच्यो, मियाउचिच्यो, ताकेयाच्यो, मिनामी-ताकेयाच्यो, निसी-मुकोजिमाच्यो, निसी-ताकासुच्यो, निसी-होन्माची, गेन्बान-कितानोच्यो, गेन्बान-मिनामी-नोच्यो, तातेयाच्यो, निसी-मिसोनोच्यो, तेरामाची, सिओमाची, निसी-साकुरागिच्यो, हिगासी-साकुरागिच्यो, निसी-होन्माची-किता-दोओरी, मिसोनोच्यो, काइमेइच्यो, नाकाजाइकेच्यो, हिगासी-काइगानच्यो, चुकिजी, निसी-माचुसिमाच्यो, किता-हाचुसिमाच्यो, मिनामी-हाचुसिमाच्यो, हिगासी-हाचुसिमाच्यो, "निसी-नानिवाच्यो, हिगासी-नानिवाच्योको राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू" आदि | हरेक हप्ता **मंगल र शुक्र** बार | | हरेक **सोम**बार | **दोस्रो बिही**बार |
| 26 | स्योवा-दोओरी 1 र 2 च्योमेको राष्ट्रिय मार्ग नं. 2 को दक्षिणतर्फ पर्ने क्षेत्र, निसी-दाइमोचुच्यो, हिगासी-दाइमोचुच्यो, किता-ज्योनाइ, मिनामी-ज्योनाइ, दाइमोचुच्यो, हिगासी-होन्माची, कुइसे-मिनामी-सिन्माची, कुइसे-होन्माची 3 च्योमे, कुइसे-होन्माची 1 च्योमेको राष्ट्रिय मार्ग नं. 2 को दक्षिणतर्फ पर्ने क्षेत्र, काजिगासिमा, "स्योवा-दोओरी 1 र 2 च्योमे, कुइसे-किता-सिन्माची, कुइसे-होन्माची र कुइसेतेराजिमाको राष्ट्रिय मार्ग नं. 2 तर्फ फर्किएका घरहरू" | | | | **चौथो बिही**बार |